मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २३७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ भदौ २६ गते शुक्रबार ❑ 11 Sept. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।–

## पार्टी एकताका लागि नरम हुन तयार छु: सभापति थापा

पोखरापत्र संवाददाता
वालिङ, २५ भदौ

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टी एकताका लागि आफू अझै नरम हुन तयार रहेको बताउनुभएको छ।

कांग्रेस स्याङ्जाले पार्टीका वरिष्ठ नेता तथा पूर्वउपप्रधानमन्त्री गोपालमान श्रेष्ठको ४५ दिनको पुण्यतिथिमा आज आयोजित शोक सभालाई सम्बोधन गर्दै उहाँले पार्टीलाई मजबुत बनाउनका लागि सभापतिको हैसियतले जिम्मेवारपूर्वक अगाडि बढ्ने बताउनुभयो । "पार्टीलाई एकताबद्ध गर्नका लागि नरम




हुन तयार छु", उहाँले भन्नुभयो, "नरम पनि छु र पार्टीभित्र भएका कमी कमजोरीहरूलाई हटाएर निर्मम पनि भएर अगाडि बढ्नुपर्ने छ, त्यो सजिलो छैन र पनि पार्टी हितका सन्दर्भमा निर्मम भएर लाग्छु ।" पार्टीलाई एकढिक्का बनाएर लैजानुपर्ने जिम्मेवारीलाई बुझेर सोहीअनुसार अगाडि बढ्नकालागि पर्ने उहाँले बताउनुभयो । देशमा आइपरेका जटिल समयहरूमा कांग्रेस जिम्मेवार भएर समस्या समाधान गर्दै आइरहेको बताउँदै उहाँले नागरिकमाझ विश्वास र भरोसा जगाउने बताउनुभयो। स्व श्रेष्ठलेपार्टीलाईमजबुतबनाउनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको उहाँको भनाइ थियो।

विपद्को समय सरकारको टिप्पणी गर्ने उपयुक्त समय नभएको सभापति थापाको भनाइ छ। शोकसभामा महामन्त्री प्रदीप पौडेल, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, कांग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्मालगायतका वक्ताहरूले स्व श्रेष्ठले पार्टीप्रति खेलेको भूमिकाको चर्चा गर्नुभएको थियो।

## लोमान्थाङमा भूकम्पबाट ३० घरमा क्षति

पोखरापत्र संवाददाता
वालिङ, २५ भदौ

यही भदौ २३ गते लोमान्थाङ केन्द्रविन्दु भएर गएको भूकम्पको पराकम्पनले (नेपाल–चीन) उत्तरी कोरलानाकासँग जोडिएको लोमान्थाङ गाउँपालिकाका विभिन्न स्थानमा ढुङ्गा र माटोले बनेका ३० भन्दा बढी घर पूर्णरूपमा क्षति भएका छन्।

लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनुर्वु गुरुङका अनुसार लोमान्थाङ गाउँपालिकाअन्तर्गत लोमान्थाङ-५ बाहेक अन्य वडामा मङ्गलबार रातिको भूकम्पले सयौं घरमा क्षति पुगेको छ । लोमान्थाङ गाउँपालिकामा भूकम्पको क्षति विवरण सङ्कलन बुधाबारदेखि थालिएको छ।

अध्यक्ष गुरुङ र उपाध्यक्ष छ्युमी विष्टसहितका जनप्रतिनिधि तथा गाउँपालिकाका कर्मचारी, ईलाका प्रहरी कार्यालय लोमान्थाङ, छोसेर प्रहरी चौकी, सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट (बीओपी) र एक्याप लोमान्थाङका प्रतिनिधीहरूले लोमान्थाङ क्षेत्रमा गएको भूकम्पको क्षति विवरण सङ्कलन गर्न थालेका हुन्। गाउँपालिकाका गुरुङले अहिलेसम्म लोमान्थाङ गाउँपालिकाअन्तर्गत वडा नं ३ को नाम्याल, फुवा र ठिङ्गर, वडा नं ४ अन्तर्गत किम्लिङ, चुम्जुङ र नाम्डोक तथा वडा नं १ को छोसेर क्षेत्रमा भूकम्पको क्षति विवरण सङ्कलन भएको बताउनुभयो।

लोमान्थाङको वडा नं ३ ,४ र वडा नं १ छोसेर गाउँको आधा क्षति विवरण सङ्कलन हुँदा भण्डै ३० घर भूकम्पले पूर्णरूपमा क्षतिग्रस्त बनेका अध्यक्ष गुरुङले जानकारी दिनुभयो। लोमान्थाङ गाउँपालिका-२ छोसेर र वडा नं ५ को लोमान्थाङमा क्षति विवरण सङ्कलन हुन बाँकी छ। भूकम्पको क्षति विवरण सङ्कलन गर्ने क्रममा लोमान्थाङ-५ बाहेक सबै वडामा भूकम्पको असरले स्थानीयका अधिकांश घरमा आंशिक चिरा परेका र भत्किने खतरा रहेको उहाँले उल्लेख गर्नुभयो । लोमान्थाङ क्षेत्रमा भूकम्पले पुऱ्याएको विस्तृत क्षति विवरण सङ्कलन हुन केही समय लाग्ने बताइएको छ। भूकम्पले पूर्ण रूपमा क्षति भएका घरका बासिन्दालाई तत्कालका लागि समाजघर र पाल टाँगेर पुनःस्थापना गरिएको गाउँपालिकाका अध्यक्ष गुरुङले राससलाई बताउनुभयो। भूकम्पले सबैभन्दा बढी क्षति लोमान्थाङ-३ फुवा र

बाँकी अन्तिम पृष्ठमा ▶▶

## जलवायु परिवर्तन सम्मेलनको तयारी अन्तिम चरणमा

पोखरापत्र संवाददाता
मुस्ताङ, २५ भदौ

मुस्ताङमा यही भदौ ३० र ३१ गते हुने 'घरपभोङ जलवायु परिवर्तन सम्मेलन २०८३' को तयारी अन्तिम चरणमा पुगेको छ।

विश्वकै चिन्ता र चासोको विषय बनिरहेको जलवायु परिवर्तनको प्रभाव र स्थानीय समुदायमा पुऱ्याएको असरलगायतका विषयमा साझा अवधारणा तयार गर्न स्थानीय घरपभोङ गाउँपालिकाले जलवायु सम्मेलनको तयारी गरेको हो।

हरितगृह ग्यास उत्सर्जनका कारण जलवायु परिवर्तनले पृथ्वीको तापमान वृद्धिले नेपालका हिमाली, पहाडी र तराईका जिल्लाले भोगुपरेका जलवायु सङ्कट र त्यसको समुचित व्यवस्थापनका विषयमा सम्मेलनमा गहन बहस हुनेछ । जलवायु परिवर्तनबाट भएको असरबाट नेपालमा पुऱ्याइरहेको क्षति र भावि दिनमा पुऱ्याउनसक्ने जोखिमलगायत विषयमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय समुदायको ध्यानाकर्षण गर्न सम्मेलन आयोजना गर्न लागिएको उक्त गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत भीमकुमार बस्नेतले जानकारी दिनुभयो।

सम्मेलनमा हिमाल, पहाड र तराई क्षेत्रले भोगुपरेका जलवायु सङ्कटका समस्या र चुनौतीको उजागर गरिने उहाँले बताउनुभयो। सम्मेलनमा पालिका प्रमुख एवं प्रतिनिधिलाई सहभागी हुन ७५३ वटै स्थानीय तहलाई पत्राचार गरिएको छ । त्यसमध्ये ३५२ वटा पालिकाबाट सम्मेलनमा सहभागी हुने लिखित तथा मौखिक जानकारी प्राप्त भएको अधिकृत बस्नेतले जानकारी दिनुभयो । त्यस्तै, ७७ वटै जिल्लाका जिल्ला समन्वय समिति प्रमुख, सातवटै प्रदेशका वन, पर्यटन र वातावरण हेर्ने सचिवलाई सम्मेलनमा सहभागी हुन यसअघि नै निमन्त्रणा पठाई सकिएको छ । गाउँपालिका अनुसार पहिलो पटक मुस्ताङमा आयोजना हुने उक्त सम्मेलनमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी तथा जलवायु परिवर्तन र वातावरणका क्षेत्रमा क्रियाशील सङ्घसंस्थाका प्रतिनिधिसमेत गरी दुई हजार बढी व्यक्तिको सहभागिता रहनेछ।

यस्तै, नगरपालिका महासङ्घ गाउँपालिका महासङ्घ र जिसस महासङ्घ लगायतलाई पनि सम्मेलनमा आमन्त्रण गरिएको छ ।सम्मेलनमा सहभागी तथा अतिथिको आवास तथा भोजनको व्यवस्थापनका लागि गाउँपालिकाले पालिकाभित्रका साना र ठूला गरी १०० भन्दाबढी होटल दुई दिनका लागि बुकिङ गरिसकेको छ । कृषि, वन तथा वातावरणमन्त्री गीता चौधरीले भदौ ३० गते उद्घाटन गर्नुहुने त्यस सम्मेलनमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेयसमेत विशेष अथितिका रुपमा सहभागी हुनुहुनेछ । प्रमुख प्रशासकीय अधिकृत बस्नेतका अनुसार सम्मेलनमा अन्तराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड),डब्लु डब्लु एफ,प्रकृति संरक्षणका लागि अन्तराष्ट्रिय सङ्घ (आइयुसिएन), त्रिभुवन विश्वविद्यालयको जल तथा मौसम केन्द्र विभाग र वातावरण विज्ञ केन्द्रीय विभाग, राष्ट्रिय विपद् जोखिम तथा पुनर्निर्माण प्राधिकरण र कृषि वन तथा पर्यावरण मन्त्रालयलगायतका विज्ञ टोलीको सहभागिता रहनेछ। सम्मेलनको पहिलो दिन उद्घाटन र जलवायुसँग सम्बन्धित विषयमा केन्द्रित रही चरणबद्ध समूहगत छलफल हुनेछ । सम्मेलनमा जलवायुसँग सम्बन्धित सबै स्थानीय तहमा जलवायु परिवर्तनले पारेका असरसम्बन्धी फोटो प्रदर्शनी गरिने छ । सम्मेलनमा स्थानीयस्तरमा पाइने कृषि तथा पशुपालनसम्बन्धी उत्पादनका ५० भन्दाबढी प्रदर्शनी कक्ष राखिने जनाइएको छ।

त्यस्तै, दोस्रो दिन ७५३ वटै स्थानीय तह तथा जलवायु विज्ञले पेस गरेका अवधारणा पत्रलाई समावेश गरी ऐतिहासिक घरपभोङ जलवायु परिवर्तन सम्मेलन २०८३ को साझा घोषणापत्र जारी गरिने भएको छ। पछिल्लो समय गत भदौ १० गते जलवायु परिवर्तनका असरका कारण हिमपात फुटेर रसुवाको भोटेकोशीमा बाढीले पुऱ्याएको ठूलो धनधनको क्षतिका सन्दर्भमा मुस्ताङमा विश्व समुदायको ध्यानाकर्षण गर्ने उद्देश्ले सम्मेलन प्रभावकारी हुने विश्वास गरिएको छ। पछिल्लो पाँच वर्ष यता हिमाली जिल्ला मुस्ताङमा जलवायु परिवर्तनले कृषि, पर्यटन, पशुपालन, धर्मसंस्कृति, पर्यावरण, जैविक विविधता र वातावरणीय क्षेत्रहरुमा प्रतिकूल असर पुगेको छ।

## निवर्तमान मन्त्रीसँग छलफल गरेर अघि बढ्छु: नवनियुक्त उद्योगमन्त्री साह

रासस
काठमाडौं, २५ भदौ

नवनियुक्त उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीपककुमार साहले खाना पकाउने एलपी ग्यासको बिक्री वितरणमा देखिएको समस्या समाधानमा आफू गम्भीर भएर लाग्ने बताउनुभएको छ।

राष्ट्रपति भवन शीतल निवासमा बिहीबार पद तथा गोपनियताको शपथलगत्तै सिंहदरबारस्थित मन्त्रालयमा पदभार ग्रहण गर्ने क्रममा उहाँले पत्रकारसँग भन्नुभयो, "जनतालाई जति ग्यास आवश्यक छ, त्यति दिनैपर्छ, छलफल गरेर आवश्यक कदम चाल्नेछौं ।" निवर्तमान उद्योगमन्त्री गौरीकुमार सिँग छलफल गरेर आफू अघि बढ्ने उल्लेख गर्दै मन्त्री साहले त्यसआधारमा सुधारका कार्यक्रम अघि बढाइने स्पष्ट पार्नुभयो । "कुनै काम गर्नुभन्दा अघि विगतमा त्यससम्बन्धमा के-के भइरहेको छ, त्यसको जानकारी लिएर मात्रै अघि बढ्दा नतिजा आउँछ", मन्त्री साहले भन्नुभयो। तत्कालीन मन्त्री गौरीकुमारीले आज पदबाट राजीनामा दिएसँगै प्रधानमन्त्री वालेन्द्र शाहले सांसद साहलाई उद्योगमन्त्रीमा नियुक्त गर्नुभएको हो।

## रसुवा बाढी प्रभावितका लागि नमस्ते कम्युनिटी फाउन्डेसनको तीन चरणमा २० लाख सहयोग

पोखरापत्र संवाददाता
पोखरा, २५ भदौ

रसुवाको भोटेकोशीमा आएको भिषण बाढीबाट प्रभावित नागरिकहरूको राहत तथा उद्धारका लागि नमस्ते कम्युनिटी फाउन्डेसन-नेपालले तीन चरणमा गरी २० लाख रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गरेको छ। आज मात्रै फाउन्डेसनले थप ८ लाख रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको नमस्ते कम्युनिटी फाउन्डेसन-नेपालका संस्थापक विष्माराज पौडेलले बताउनुभयो।

फाउन्डेसनको यो तेस्रो चरणको सहयोग हो । योसँगै रसुवा बाढीपीडितका लागि फाउन्डेसनको कुल योगदान २० लाख रुपैयाँ पुगेको उहाँले जनाउनुभयो। पहिलो चरणमा भदौ १६ गते ५ लाख, भदौ १८ गते ७ लाख सहयोग गरेको फाउन्डेसनले जनाएको छ । यस मानवीय अभियानलाई सफल बनाउन फाउन्डेसनको निकट साझेदार नमस्ते फाउन्डेसन-नेदरल्यान्ड्सको महत्वपूर्ण सहयोग र सहकार्य रहेको छ। फाउन्डेसन नेपाल सरकारको 'एकद्वार प्रणाली' तथा स्थानीय प्रशासनसँगको समन्वयमा राहतलाई वास्तविक आवश्यकतामा रहेका बाढीपीडितसम्म पुऱ्याउने तयारी गरिरहेको छ। प्रभावित नागरिकहरूको आवश्यकता पहिचान गरी आवश्यक राहत सामग्रीसमेत प्रत्यक्ष रूपमा स्थलमै पुऱ्याउने गरी फाउन्डेसनले काम अघि बढाइसकेको संस्थापक पौडेलले बताउनु भयो।

रसुवाका बाढीपीडित परिवारले भोगिरहेको पीडा र कठिन परिस्थितिमा यो सानो सहयोगले भए पनि दैनिक जीवनका आधारभूत आवश्यकता पूरा गर्न र केही राहत तथा आशा प्रदान गर्न सकियोस् भन्ने आफुहरुको उद्देश्य रहेको उहाँले जनाउनु भयो। यस मानवीय अभियानमा साथ दिनुहुने साझेदार संस्थाहरू, दाताहरू, स्वयंसेवकहरू, सहयोगी हातहरू तथा नेपालप्रति माया र सद्भाव राख्ने सम्पूर्ण नेपाली तथा विदेशी मित्रहरूप्रति संस्थापक पौडेलले आभार व्यक्त गर्नु भएको छ। फाउन्डेसनले यस अघि पनि देशमा विपद पर्दा सामाजिक उत्तरदाहित्व बोध गर्दै सामाजिक क्षेत्रमा सहयोग गर्दै आएको छ।

## बाढी प्रभावितका लागि सुनचाँदी व्यवसायी संघ कास्कीको १२ लाख भन्दा बढी सहयोग

पोखरापत्र संवाददाता
पोखरा, २५ भदौ

भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि सुनचाँदी व्यवसायी संघ कास्कीले १२ लाख ५६ हजार ७ सय ९१ रुपैयाँ सहयोग गरेको छ।

नेपाल सुनचाँदी व्यवसायी महासंघमार्फत प्रधानमन्त्री दैवी प्रकोप उद्धार तथा राहत कोषमा जम्मा हुने गरी संघ कास्कीले उक्त रकम बराबरको चेक हस्तान्तरण गरेको हो । संघ कास्कीका अध्यक्ष भविन्द्र विश्वकर्मीले महासंघका कार्यवाहक अध्यक्ष धर्मसुन्दर बज्राचार्यलाई चेक हस्तान्तरण गर्नुभएको हो । संघ कास्कीमा आबद्ध करिब ५ सय सुनचाँदी व्यवसायीमध्ये १ सय ९९ व्यवसायीबाट रकम संकलन गरी सहयोग गरिएको अध्यक्ष विश्वकर्माले जानकारी दिनुभयो। उहाँका अनुसार विपद् का बेला व्यवसायिक संस्थाले आफ्नो सामाजिक उत्तरदायित्व निर्वाह गर्नुपर्छ भन्ने भावनासहित व्यवसायीबाट रकम संकलन गरिएको हो। "देशमा ठूलो विपद् परेको अवस्थामा पीडितको उद्धार र राहतका लागि संस्थागत सामाजिक उत्तरदायित्व निर्वाह गर्दै हाम्रो तर्फबाट पनि सानो भए पनि सहयोग गरेका हौं," अध्यक्ष विश्वकर्मीले भन्नुभयो । संघमा आबद्ध केही व्यवसायीले भने संघको सामूहिक सहयोगबाहेक पनि स्वस्फूर्त रूपमा आफ्नो तर्फबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार तथा राहत कोषमा रकम जम्मा गरिरहेको संघ कास्कीका कार्यालय सचिव अक्षयकुमार श्रेष्ठले जानकारी दिनुभयो । यसैबीच, नेपाल सुनचाँदी व्यवसायी महासंघले पनि बाढी तथा विपद्बाट प्रभावित नागरिकको राहत, उद्धार र पुनःस्थापनाका लागि १ करोड ११ लाख ११ हजार १ सय ११ रुपैयाँ सहयोग गरेको छ । महासंघमा देशभरका जिल्ला तथा नगर संघ गरी करिब ८० वटा शाखा आबद्ध छन्। विपद्का समयमा देशभरका सुनचाँदी व्यवसायीलाई राहत तथा उद्धार अभियानमा सहभागी गराउँदै महसंघ र मातहतका संघहरूले सामाजिक उत्तरदायित्वलाई प्राथमिकता दिएका छन्।

## पोउवा संघकी अध्यक्ष गौतमको कार्यकाल सुरु

पोखरापत्र संवाददाता
पोखरा, २५ भदौ

पोखरा उद्योग वाणिज्य संघकी नवनिर्वाचित अध्यक्ष शोभा गौतमले बिहीबार पदभार ग्रहण गरेकी छन् । भदौ २० र २१ गते सम्पन्न ३६ औं महाधिवेशनमार्फत् अध्यक्ष चुनिएकी गौतमलाई निवर्तमान अध्यक्ष गोकर्ण कार्कीले कार्यभार सुम्पेका थिए।



अध्यक्षसँगै संघका नवनिर्वाचित पदाधिकारी तथा कार्यसमितिका सदस्यहरुले पनि पदभार ग्रहण गरी कार्यकाल सुरु गरेका महासचिव सुदीप प्रधानाङ्गले जानकारी दिए।

महासचिव प्रधानाङ्गका अनुसार बिहीबार नै बसेको कार्यसमितिको पहिलो बैठकले ३६ औं महाधिवेशन एवं ७२ औं वार्षिक अधिवेशन सम्पन्न गर्न सघाउनेहरुप्रति हार्दिक आभारसमेत व्यक्त गरेको छ।

# प्रदेश प्रमुख समक्ष प्रदेश लोक सेवा आयोग गण्डकीको प्रतिवेदन पेस

**पोखरापत्र संवाददाता**
पोखरा, २५ भदौं

गण्डकी प्रदेशका प्रदेश प्रमुख डिल्लीराज भट्ट समक्ष प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशको वार्षिक प्रतिवेदन पेस गरिएको छ।



आयोगले आर्थिक वर्ष २०८२/०८३ मा सम्पन्न गरेका कामकारबाही समेटिएको छैटौं वार्षिक प्रतिवेदन प्रदेश प्रमुख भट्टसमक्ष विहीबार पेस गरिएको हो । आयोगका अध्यक्ष विष्णुप्रसाद नेपालले 'प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५०' बमोजिम प्रदेश प्रमुखलाई प्रतिवेदन पेस गर्नुभयो । प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख भट्टले सार्वजनिक प्रशासनलाई चुस्त, निष्पक्ष, जवाफदेही र सक्षम बनाउन आयोगको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो । संविधान, प्रचलित कानुन तथा प्रदेश ऐनले तोके बमोजिम आयोगले निष्पक्ष ढंगबाट आफ्नो दायित्व निर्वाह गर्नुपर्नेमा प्रदेश प्रमुख भट्टले जोड दिनुभयो । प्रदेश प्रमुख भट्टले भन्नुभयो - 'प्रदेश कानून बमोजिम प्रदेश र स्थानीय तहका कर्मचारीकोभर्ना,छनौटरसिफारिसको जिम्मेवारी सफलतापूर्वक निर्वाह गर्दै कानूनद्वारा निर्दिष्ट समयसीमा भित्र नै वार्षिक प्रतिवेदन तयार गरी पेश गर्नुभएकोमा प्रदेश लोकसेवा आयोग परिवारलाई धन्यवाद व्यक्त गर्दछु।'

लोक सेवा आयोग सरकारी सेवा गर्न चाहने आम नागरिकको आशा एवम् भरोसाको केन्द्रको रुपमा रहेको हुँदा निष्पक्षता र गुणस्तरीयतामा कुनै सम्झौता नगरी योग्यता प्रणालीको संरक्षण गर्दै स्वतन्त्र निकायको रुपमा आफ्नो गरिमालाई अक्षुण राख्न पनि उहाँले सुझाव दिनुभयो।

प्रतिवेदन मुख्यमन्त्रीमार्फत् प्रदेश सभामा पेश गरिने र प्रदेश सभामा प्रतिवेदन उपर सघन छलफल भै सो को निश्कर्ष समेतका आधारमा भविष्यमा प्रदेश लोक सेवा आयोगलाई अझै सबल र सशक्त बनाउँदै लगिने छ भन्नेमा विश्वस्त रहेको भट्टले बताउनुभयो । अध्यक्ष नेपालले प्रदेशको सार्वजनिक प्रशासनका लागि आवश्यक दक्ष र योग्य जनशक्ति छनोटमा आयोग निष्पक्ष रुपमा लागिरहेको जनाउनुभयो । कार्यक्रममा आयोगका सदस्यद्वय कल्पना लम्साल, योगेन्द्र गौचन, सचिव कृष्णप्रसाद लम्साल, प्रदेश प्रमुख कार्यालयका सचिव विजय राना, प्रमुख स्वकीय सचिव रञ्जन अधिकारीलगायतको सहभागिता रहेको थियो।

# प्रधानमन्त्री शाहको नेतृत्वमा संयुक्त राष्ट्रसंघको महासभामा सहभागी हुने

**रासस**
काठमाडौं, २५ भदौं

प्रधानमन्त्री वालेन्द्र शाहको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डलले आगामी असोज ६ देखि १० गतेसम्म संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभामा सहभागिता जनाउने भएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा आज बसेको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्री शाहको नेतृत्वमा सहभागी हुने नेपाली प्रतिनिधिमण्डलको भ्रमण स्वीकृत गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो । बैठकले भारतको नयाँ दिल्लीमा आयोजना हुने नेपाल-भारत अन्तरसरकारी उपसमिति (आईजीएससी) को बैठकमा सहभागी हुने नेपाली वार्ता टोली गठन गर्ने निर्णय समेत गरेको छ। त्यस्तै, बैठकले अनुचित लेनदेन (मिटर ब्याज) अपराध नियन्त्रणसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गरेको छ।


## डिभिजन वन कार्यालय
## कास्की

### शिलबन्दी बोलपत्रद्वारा काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०५/२६

पोखरा मुग्लिन सडक योजना (पश्चिम खण्ड), सेतीखोला हाईड्रो पावर लि., सिंचाई तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यान्वयनको शिलशिलामा कटान भएका र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको Approach Surface को Obstacles मा परेका रुखहरु कटान, मुछान, घाटगद्दी भई यस कार्यालयलाई हस्तान्तरण भई आएका काठ, दाउरा तथा सरकारी जग्गामा रहेका जोखिमयुक्त रुख व्यवस्थापनबाट उत्पादन भएको सिसौ, खयर, चिलाउने, कटुस र अन्य जात समेत गरी जम्मा गोलिया थान ११४८ को ३,६६९.५१ घ.फि. काठ र २२.१८ चट्टा दाउरा (लट नं. १ देखि १० सम्म) जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। वन नियमावली, २०७९ नियम १२८ (संशोधन समेत) तथा गण्डकी प्रदेश वन नियमावली, २०८१ को नियम ७२(४) अनुसारको योग्यता पुगेका काष्ठ उद्योग/व्यवसायी फर्मले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनसम्म यस कार्यालय तथा वन निर्देशनालय, पोखराबाट बोलपत्र खरिद गरी २२ औं दिन कार्यालय समयभित्र बोलपत्र खरिद गरिएकै कार्यालयमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस कार्यालयको वेवसाईट www.dfokaski.gov.np मा समेत प्रकाशित गरिएको छ। अन्य जानकारीको लागि डिभिजन वन कार्यालय कास्कीमा सम्पर्क राख्न सकिने छ।

**डिभिजनल वन अधिकृत**


# कमलपोखरी टोलको अध्यक्षमा पुनः इन्द्रवहादुर र आमा समुहमा रामकुमारी

**पोखरापत्र संवाददाता**
पोखरा, २५ भदौं

पोखरा महानगरपालिका वडा नं. १३ स्थित कमलपोखरी मार्ग टोल विकास संस्थाको २१औं वार्षिक साधारण सभा एवं ७ औं अधिवेशन भव्यताका हालै सम्पन्न भयो।





अधिवेशनबाट गठित टोल विकास संस्थाको नयाँ कार्यसमितिमा अध्यक्ष सु.इन्द्र बहादुर गुरुङ, उपाध्यक्ष सु. प्रेम बहादुर गुरुङ, सचिव खड्क बहादुर गुरुङ (खुशीमान), कोषाध्यक्ष आश कुमारी गुरुङ र सह-सचिव उमा गुरुङ चयन भएका छन् । त्यसैगरी कार्यसमिति सदस्यहरूमा मिथु गुरुङ, सुनिल गुरुङ, धनराज गुरुङ, शितला क्षेत्री र ज्ञान कुमारी विक. रहेका छन् । सोही दिन आमा समूह कार्यसमितिको अध्यक्षमा राम कुमारी तामाङ, उपाध्यक्षमा विमला गुरुङ, सचिवमा खुशीमाया गुरुङ र कोषाध्यक्षमा कमलसुवा गुरुङ चयन भएका छन्। आमा समूहको कार्यसमिति सदस्यहरूमा क्रमश तिर्थ कुमारी गुरुङ, मन कुमारी गुरुङ, सम्झना गुरुङ, पूर्ण काशी गुरुङ, पुष्पा गुरुङ, पूर्णा विक सुनार, मिना कार्की, बवि गुरुङ र जीना गुरुङ रहेका छन् । पोखरा महानगरपालिका वडा नं. १३ का वडा अध्यक्ष किरण बरालले समाजमा सबै एक भएर अगाडि बढ्नु पर्ने धारणा राखे । कार्यक्रममा वडा १३ का वडा सदस्य सुजित तामाङले संस्थाले समाजमा गरेका क्रियाकलापले सदस्यहरुलाई धेरै खुशी वनाएको चर्चा गरिन् । कार्यक्रमको अवसरमा टोलभित्रका ज्येष्ठ नागरिकहरूलाई सम्मान गरिनुको साथै दश जोड दुई उर्तिणा सँगै सो तह भन्दा माथिका जेहेन्दार तथा उत्कृष्ट विद्यार्थीहरूलाई प्रोत्साहन स्वरूप सम्मान गरियो। गत भदौ १० गते बाढी, पहिरो तथा प्राकृतिक विपत्तिमा परी ज्यान गुमाएका मृतकहरूको आत्माको चिरशान्तिको कामना गर्दै कार्यक्रममा एक सय आठ दीप प्रज्वलन गरी श्रद्धाञ्जली अर्पण गरिएको थियो। साधारण सभामा अध्यक्ष सु इन्द्रवहादुर गुरुङ, सचिव खड्कवहादुर गुरुङ र कोषाध्यक्ष आश कुमारी गुरुङद्धारा प्रस्तुत वार्षिक प्रगति एवं आर्थिक प्रतिवेदनहरू सर्वसम्मत रूपमा पारित भएको छ । अधिवेशनले संस्थाको गतिशिलतालाई ध्यानमा राख्दै साविककै कार्यसमितिलाई आगामी कार्यकालका लागि पुनः निरन्तरता दिने निर्णय गरेको छ। संस्थाका अध्यक्ष सु. इन्द्र बहादुर गुरुङको सभापतित्वमा आयोजित उक्त कार्यक्रम संस्थाका सचिव खड्ग बहादुर गुरुङले साहित्यमय लयमा संचालन गरी उपस्थित सबैलाई मन्त्रमुग्ध पारेका थिए।


## २७ औ बार्षिक साधारण सभा सम्बन्धी सूचना

मिति : २०८३/०५/१५

यस **फेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरा-५**को मिति २०८३ साल श्रावण ८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाको **२७ औं वार्षिक साधारण सभा** तपशीलका विषयवस्तु उपर छलफल गरी निष्कर्ष निकाल्दै निर्णयमा पुग्न निम्न मिति, समय र स्थानमा आयोजना गरिएकोले सम्पूर्ण सदस्यज्यूहरु सभामा उपस्थित हुनको लागि यसै सूचना मार्फत हार्दिक अनुरोध गरिन्छ। थप जानकारीको लागि विभिन्न सञ्चार माध्यमहरु फेसबुक पेज, वेबसाइट र पत्रपत्रिकामा समेत सूचना सम्प्रेषण गरिएको छ।

**तपशील**

**क**) **छलफलका विषयहरू**:

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने।
२. लेखा समितिको तर्फबाट तयार गरिएको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने।
३. आ.व. २०८२/०८३ को लेखा परीक्षकको प्रतिवेदन प्रस्तुत र पारित गर्ने।
४. आ.व. २०८३/०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत र पारित गर्ने।
५. आ.व. २०८३/०८४ को लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने।
६. आ.व. २०८२/०८३ को शेयर लाभांश एवम् संरक्षित पूँजी फिर्ता कोष वितरण सम्बन्धमा।
७. संस्थाको पुनर्लेखन विनियम २०८३ सम्बन्धमा दफावार छलफल र परिमार्जन सम्वन्धमा।
८. शेयर सदस्यहरूको सुझाव एवं जिज्ञासाको समष्टिगत प्रस्तुतिकरण।
९. संस्थाका नीति, निर्देशिका र कार्यविधिहरू संशोधन तथा पारित गर्ने सम्बन्धमा।
१०. कानुनी प्रकृयामा रहेका लेना रकम असुलउपर सम्बन्धमा।
११. साधारण सभाको निर्णय पुस्तिका प्रमाणिकरण सम्बन्धमा।
१२. सञ्चालक समितिको निर्वाचन सम्बन्धमा
१३. विशेष प्रस्तावहरु सम्बन्धमा।

**ख**) **साधारण सभा तालिका** (**मिति, समय र स्थान**):

| | |
|---|---|
| मिति | : २०८३ आश्विन १७ गते, शनिबार। |
| समय | : बिहान ८:३० बजे। |
| स्थान | : एस.आर.के.सी. बैंकक्यूट, पोखरा-१२, माटेपानी |
| सम्पर्क | : ९८५६०१२४४६, ९८४६४३४२६६, ९८५६०२२७५० |
| वेबसाईट | : www.fewacooperative.com.np |

(**नोट**: साधारण सभामा संस्थाका शेयर सदस्य मात्र ठीक समयमा उपस्थित हुन अनुरोध छ। संघ संस्थाका प्रतिनिधि आउने भएमा अग्रिम लिखित रुपमा जानकारी गराउनुहोला साथै वेबसाईटबाट पनि प्रतिवेदन अध्ययन गर्न सकिने छ। शेयर सदस्यज्यूहरुलाई खाजा/ खानाको व्यवस्था गरिएको छ। अन्य थप जानकारी आवश्यक परेमा यसै संस्थाको प्रधान कार्यालय जिरो किलोमिटरमा सर्म्पक गर्न सक्नुहुने छ। निर्वाचन सम्बन्धी कार्यक्रम अर्को सूचनामा प्रकाशित गरिने छ र निर्वाचन कार्यालय संस्थाको प्रधान कार्यालयमा रहने छ।)

दिल बहादुर भट्टराई
सचिव

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**
**प्रधान कार्यालय: पोखरा-५, जिरो कि. मि.**
**फोन: ०६१-५७३३७५, ५७२२३६**


# तालबाराही स्कुलमा क्षेत्रलाल प्रतिष्ठानको पुरस्कार

**पोखरापत्र संवाददाता**
पोखरा, २५ भदौं

तालबाराही मावि लेकसाईडमा कलाकार क्षेत्रलाल कायस्थ प्रतिष्ठानले पुरस्कार वितरण गरेको छ।



१९ सेक्सनबाट आन्तरिक परीक्षामा उत्तीर्ण ५७ जना विद्यार्थीलाई पुरस्कार प्रदान गरेको कलाकार क्षेत्रलाल कायस्थ प्रतिष्ठानले जनाएको छ । प्रतिष्ठानका अध्यक्ष लोकप्रसाद गुरुङको अध्यक्षतामा भएको प्रथम, द्वितीय र तृतीय भएका छात्रछात्रालाई पुरस्कार वितरण कार्यक्रममा होटल संघ पोखराको अध्यक्ष लक्ष्मण सुवेदीले प्रतिष्ठानले प्रशंसा योग्य काम गरेको बताए। सुवेदीले भविष्यमा होटल संघले पनि शिक्षा क्षेत्रमा सहयोग गर्न तयार रहेको बताउँदै न्यूकास कन्सर्न प्रालिले शिक्षा क्षेत्रमा दिएको योगदान स्मरण योग्य रहेको बताए। उनले विद्यार्थीलाई हौसला, प्रेरणा र पठनशैलीको विकास गर्न यस्ता पुरस्कारहरुले थप उत्साहित बनाउने बताए। विद्यालयका प्रअ ताराप्रसाद पोखरेलले शैक्षिक गुणस्तर सुधार गर्न कलाकार कायस्थ प्रतिष्ठानले उत्प्रेरणा थपेको बताए । संस्थाका सचिव प्राज्ञ कमल पौडेल अथकले सञ्चालन गरेको कार्यक्रममा प्रतिष्ठानका सदस्य केदार धमलाले पुरस्कार सहयोग प्रदान गरेर न्यूकास कन्सर्न प्रालिले प्रतिष्ठान र विद्यालयलाई ठूलो सहयोग गरेको बताए। विद्यार्थीलाई पानी पिउने गिलास र थर्मस पुरस्कार प्रदान गरेको न्यूकास कन्सर्न प्रालिका प्रमुख प्रशासकीय अधिकृत निरज कायस्थले जानकारी दिएका थिए । कार्यक्रममा वडा सदस्य बासुदेव बराल र पवित्रा थापाले विद्यालयलाई अब्बल र नमुना बनाउन सवैको सहयोग, मेहनेत र लगनशीलताले मात्र पुरा हुनेमा जोड दिएका थिए । प्रतिष्ठानले यस अघि कन्या मावि, बालमन्दिर, ज्ञानभूमि, नवीन मावि, नवप्रभात र महेन्द्र माविमा कलाकारिता योगदान गरिसकेको छ। ५० हजार रुपैयाँको नवीन कलाश्री पुरस्कार कलाकार किरण मानन्धरलाई प्रदान गरिसकेको छ।

शिक्षा क्षेत्रमा योगदान गर्दै आएको प्रतिष्ठानले तालबाराही माविमा हुने आगामी आन्तरिक परीक्षामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई पुरस्कार निरन्तर प्रदान गर्ने जनाएको छ । न्यूकास एकेडेमीक उत्कृष्ट अवार्डबाट पुरस्कृत विद्यार्थी र उपस्थित अभिभावले खुसी हुँदै यस्ता कार्यक्रमलाई निरन्तरता दिन आग्रह गरेका थिए । नर्सरी देखि कक्षा १० सम्मका विद्यार्थीलाई पुरस्कृत गरिएको तालबाराही माविका सहायक प्रअ एवं शिक्षक प्रतिनिधि द्रोणराज भूर्त्यालले जानकारी दिएका थिए।

## एक-अर्काको ...

त्यस आसपासका गाउँमा परेको छ।

लोमान्थाङ क्षेत्रका भूकम्प पीडितको पुनःस्थापना तथा अन्य सहयोगका लागि स्थानीय जनप्रतिनिधिसहित नेपाल प्रहरी र सशस्त्र प्रहरी बल परिचालन गरिएको गाउँपालिकाका उपाध्यक्ष विष्टले जानकारी दिनुभयो।

यसअघि जिल्ला प्रहरी कार्यालय मुस्ताङले लोमान्थाङ क्षेत्रमा गएको भूकम्पले फुवामा एउटा घरमा क्षति भएको र लोमान्थाङ-५ लोमान्थाङको छोदे गुम्बाको बाहिर पर्खालमा क्षति पुगेको जनाएको थियो। लोमान्थाङ क्षेत्रमा गएको भूकम्पको असरले उक्त क्षेत्रका स्थानीयबासी प्रभावित भएका छन्।

लोमान्थाङ क्षेत्रमा मङ्गलबार राति ९ बजेर ५३ मिनेट जाँदा पहिलो पटक भूकम्प गएको थियो । गाउँपालिकाका अध्यक्ष गुरुङका अनुसार लगत्तै नौ पटकसम्म भूकम्पको धक्का महशुस गरिएको थियो। भूकम्पको पहिलो धक्का महशुस भएपछि उपल्लो मुस्ताङका बासिन्दा सुरक्षित स्थानको खोजीमा रातभर घर बाहिर निस्किएका थिए।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रामचन्द्र तिवारीले लोमान्थाङ क्षेत्रमा गएको भूकम्पको पूर्ण क्षतिको विवरण प्राप्त भइनसकेको जानकारी दिनुभयो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# आपूर्ति व्यवस्था मिलाउन नसक्दा मन्त्रीको राजिनामा

आपूर्ति व्यवस्था सहज बनाउन नसकेको भन्ने चौतर्फी आलोचनाका बीच उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले बिहीबार आफ्नो पदबाट राजीनामा दिएकी छन् । मन्त्रीको कुर्सीमा बसेर उद्योगी र कर्मचारीलाई दोष दिएर आफ्नो असक्षमता लुकाउन खोजेको आरोप लागेको थियो । बुधबार प्रतिनिधिसभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बैठकमा सांसदहरूले ग्यास आपूर्ति सहज गराउन नसकेको भन्दै मन्त्रीको तीव्र आलोचना गरेका थिए । कतिपय सांसदले मन्त्रीले कार्यक्षमता देखाउन नसकेकाले पदमा बसिरहनुको औचित्य नरहेको भन्दै राजीनामाको माग समेत गरेका थिए ।

आपूर्ति मन्त्री अहिले खानापकाउने सोही संसदीय दबाब र उपभोक्ताको आक्रोशका बीच मन्त्री यादवले बिहीबार प्रधानमन्त्रीसमक्ष आफ्नो राजीनामा बुझाएर विदा भएकी छिन । उनलाई मन्त्रीबाट हटाउन प्रधानमन्त्री बालेन्द्र शाहले चाहेका थिए । मन्त्रीले स्वतन्त्र तरिकाले मन्त्रालय चलाउन नसक्ने अवस्था अहिले छ । सल्लाहकारले दिएको निर्देशन मानेर मन्त्री र कर्मचारी चलाउने हावी छन । बनाइएको मन्त्रीको राजीनामाले मात्रै भान्साको संकट हल भएको छैन । यो राजीनामाको पछाडि ग्यास उद्योगीहरूको कब्जामा रहेको बजार, कर्मचारीतन्त्रको असहयोग, विगतको सरकारले गरेको हचुवा नीतिगत निर्णय र कृष्णभीरमा गएको पहिरोजस्ता बहुआयामिक कारणहरू जेलिएका छन् । राजीनामा दिनुअघि संसदीय समितिमा मन्त्री यादवले व्यक्त गरेको आक्रोश र त्यसपछिका घटनाक्रमले नेपालको ग्यास आपूर्ति प्रणालीभित्र कतिसम्म गम्भीर समस्या हाबी छ भन्ने नाङ्गो सत्य उजागर गरिदिएको छ ।

मन्त्री पदबाट हट्नुभन्दा ठीक एक दिनअघि, अर्थात् बुधबार संसदीय समितिको बैठकमा मन्त्री गौरीकुमारी यादवले एलपी ग्यास उद्योगी, मन्त्रालयका उच्च अधिकारी र नेपाल आयल निगमका कर्मचारीप्रति जुन शब्दमा आक्रोश पोखिन्, त्यसले सिंहदरबारभित्रको तिक्ततालाई छताछुल्ल पारेको थियो । ग्यास आपूर्तिमा देखिएको गम्भीर समस्या र बजार नियमनका विषयमा छलफल गर्न बोलाइएको उक्त बैठकमा मन्त्री यादवले आफू ग्यास माफिया र आफ्नै कर्मचारीको घेराबन्दीमा परेको दाबी गरेकी थिइन् । मन्त्री यादवको मुख्य तर्क थियो- ग्यास उद्योगीहरूलाई कडा कानूनी दायरामा नल्याएसम्म बजारमा ग्यास आपूर्ति कहिल्यै सहज हुन सक्दैन । संसदीय समितिले मन्त्रालय वा निगमलाई जतिसुकै कडा निर्देशन दिए पनि जबसम्म ग्यास उद्योगीहरूको पाता फर्काइँदैन, तबसम्म यो समस्या समाधान हुँदैन भन्ने आफ्नो अन्तिम निचोड रहेको उनले स्पष्ट शब्दमा बताएकी थिइन् । उनको अभिव्यक्ति पदमुक्तका लागि निहुँ बनेको हो ।

## रातोपैह्रा सामुदायिक वनबाट राहत कोषमा आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २५ भदौं

विपत्ति ठूलो होस् वा सानो, पीडामा परेकालाई साथ दिने मन ठूलो हुनुपर्छ । यही मानवीय भावनासहित पोखरा १७ स्थित रातोपैह्रा सामुदायिक वन उपभोक्ता समूहले रसुवाको भोटेकोशी बाढीपीडितका लागि रु.१५ हजार सहयोग गरेको छ ।

बाढीले घर, परिवार र आफन्त गुमाएर पीडामा रहेका नागरिकको दुःखमा आफूहरुले पनि केही मलम लगाउनुपर्छ भन्ने बिषय समूहको बैठकमा उठ्यो । प्रस्तावसंगै कार्य समितिका पदाधिकारी तथा सदस्यहरुले आफ्नै खर्च कटाएर सहयोग गर्ने प्रतिवद्धता जनाए । बैठकमा दुई सय देखि दुई हजारसम्म सहयोग गर्दा रु. १३ हजार संकलन भएको थियो । समूहको कोषबाट थप रु. दुई हजार गरी जम्मा रु. १५ हजार प्रधानमन्त्री राहत तथा उद्धार कोषमा जम्मा गरिएको समूहका अध्यक्ष भगवान पोखरेलले जानकारी दिनुभयो ।

"समूहको आम्दानी खासै छैन । तर विपत्तिमा परेका मानिसको पीडामा साथ दिन पैसा नै ठूलो कुरा होईन, भावना ठूलो हो" उहाँले भन्नुभयो, "बाढी पीडितका लागि साथीहरुले स्वस्फूर्त रुपमा सहयोग गर्नुभएको हो ।" अध्यक्ष पोखरेलका अनुसार संकलित रकम पोखराको नयाँ बजारस्थित राष्ट्रिय वाणिज्य बैंकमा प्रधानमन्त्री राहत तथा उद्धार कोषमा जम्मा गरिएको हो । रकम सानो होला, तर विपत्तिमा परेका मानिसका लागि तिमी एक्लो छैनौ भन्ने सन्देश बोकेको यो सहयोग मानवीय संवेदनाको उदाहरण बनेको छ ।

## सेतीबाढीपीडितले पठाए भोटेकोशी पीडितलाई सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २५ भदौं

सेती नदीमा गएको विनाशकारी बाढीको पीडा भोगेका कास्कीको माछापुच्छ्रे गाउँपालिका-२ सार्दिखोलाका बासिन्दाले रसुवाको भोटेकोशी बाढीपीडितका लागि रु सात लाख ९३ हजार ७७५ सहयोग गरेका छन् ।

गत भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उदेश्यले वडा कार्यालयको पहलमा सञ्चालन गरिएको राहत सङ्कलन अभियानबाट उक्त रकम जुटाइएको हो । सङ्कलित रकम बुधबार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको छ । सार्दिखोलावासीले १४ वर्षअघि सेती नदीमा आएको विनाशकारी बाढीको पीडा आफैं भोगेका थिए । विसं २०६९ वैशाख २३ गते शनिबारको दिन थियो । सार्दिखोलाको खारपानी बजारमा चहलपहल त्यो दिन अझ बढी थियो । सार्वजनिक बिदाको दिन भएकाले वनभोज जाने समेत प्रशस्त थिए ।

अन्नपूर्ण चौथो हिमालबाट खसेको हिमपहिरोका कारण सेती नदीमा आएको अप्रत्याशित बाढीले सार्दिखोलाको खारपानी बजार क्षणभरमै बगरमा परिणत भएको थियो ।


उक्त बाढीमा स्थानीयवासी तथा पर्यटक गरी ७० जनाभन्दा बढीले ज्यान गुमाएका थिए । बाढीले खारपानी बजारका घर तथा अन्य भौतिक संरचनासहित झोलुङ्गे पुल र प्रसिद्ध तातोपानी कुण्डसमेत बगाएको थियो । बाढीले क्षति पुऱ्याएको खारपानी बजार अझै पुनःस्थापित हुन सकेको छैन । आफूले विगतमा भोगेको विपद्को पीडा सम्झिँदै सार्दिखोलावासीले भोटेकोशी बाढीपीडितका लागि आफ्नो क्षमताअनुसार सहयोग गरेका हुन् । राहत सङ्कलन अभियानमा डाका १७ वटा टोल विकास समिति, आमासमूह, चेलीबेटी समूह, विभिन्न सङ्घसंस्था तथा स्थानीय नागरिक सहभागी भएको वडाध्यक्ष गणेश आचार्यले बताउनुभयो । उहाँका अनुसार सबै नागरिकसम्म पुगेर सहयोग सङ्कलन गर्न टोल विकास संस्थालाई परिचालन गरिएको थियो । "हामीले बाढीको पीडा आफ्नै आँखाले देखेका र भोगेका छौं । त्यसैले भोटेकोशीसहित विभिन्न जिल्लामा विपद्मा परेका नागरिकको पीडा र दुःख यहाँका नागरिकले बुझेका छन् । आफ्नो क्षमताले भ्याएसम्म सहयोग गर्नुपर्छ भन्ने मानवीय भावनाका साथ राहत सङ्कलन अभियान सञ्चालन गर्यौं । त्यसमा सबै घरपरिवार सहभागी हुनुभयो", वडाध्यक्ष आचार्यले भन्नुभयो । विगतमा आफ्नै समुदायले बाढीको पीडा भोगेकाले अहिले विपद्मा परेका नागरिकको सहयोगमा जुट्नु मानवीय दायित्व भएको उहाँले बताउनुभयो । सङ्कलित रकममा पारदर्शिता कायम गर्न वडा कार्यालयले सरोकारवालाको उपस्थितिमा रकम सार्वजनिक गरेको थियो । प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्नेगरी उक्त रकम सार्दिखोला बचत तथा ऋण सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत गोविन्द आचार्य र कोषाध्यक्ष विपुल शर्मालाई हस्तान्तरण गरिएको थियो । सहकारी संस्थाले उक्त रकम कोषमा जम्मा गरिसकेको जनाएको छ । राहत अभियानमा सहयोग गर्ने व्यक्ति, टोलविकास समिति, आमासमूह, चेलीबेटी समूह तथा विभिन्न सङ्घसंस्थाको नाम र सहयोग रकमको विवरण वडा कार्यालयले अभिलेखमा राख्ने जनाएको छ । सार्दिखोला बचत तथा ऋण सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत गोविन्द आचार्यले सार्दिखोला र भोटेकोशीबीच भौगोलिक दूरी टाढा भए पनि विपद्को पीडा समान रहेको बताउनुभयो । "यो सहयोग अहिलेको विपद्का लागि मात्र होइन, समुदायले विपद्का बेला कसरी एकअर्काको साथमा उभिनुपर्छ भन्ने सन्देशसमेत हो । भोलिका दिनमा देशमा जहाँसुकै विपद् पर्दा पनि समुदाय मिलेर सहयोग गर्नुपर्छ भन्ने प्रेरणा यसले नयाँ पुस्तालाई दिनेछ", आचार्यले भन्नुभयो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : शुभ यात्रा | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : आर्थिक समस्या | धनु | : मानसिक तनाब |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला मादी गाउँपालिका वडा नं.-१ निनवासी भारतीय भु.पु. सै.नं. **JC-218115A SUB** का **रन बहादुर गुरुङ**को माग निवेदन अनुसार निजको श्रमिती **प्रीती कुमारी गुरुङ**को नेपाली नागरिकता प्रमाणपत्रमा नामथर **प्रीती कुमारी गुरुङ (Priti Kumari Gurung)** र जन्म मिति **वि.सं. २०२१/०९/१८ (ई.सं. १९६५/०१/०१)** उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रमितीको नामथर **प्रीथी कुमारी गुरुङ (Prithi Kumari Gurung)** र जन्म मिति **वि.सं. २०२०/०९/१८ (ई.सं. १९६४/०१/०२)** उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई **एउटै व्यक्ति भएको** बेहोरा अनुरोध छ भनि **मादी गाउँपालिका १ नं. वडा कार्यालयको च.नं. ८८ र ८९** मिति २०८३/०५/१८ को पत्रबाट लेखि आएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश तनहुँ जिल्ला साविक चोक्चिसापानी गा.वि.स. वडा न. २ हाल भानु न.पा. वडा न.१० बस्ने भारतीय भु.पू.सै.न. ५०३६८७१ नायक मिस डि. ए. सी का टिकाराम घलेको भारतीय पेन्सन अभिलेखमा श्रीमती रिता देवी मात्र भएको र नेपाली नागरिकता प्रमाणपत्रमामा नामथर रिता देवी घले भएको साथै भारतीय पेन्सन अभिलेखमा जन्म मिति 6 May 1961AD-2018-1-24 BS रहेको नेपाली नागरिकतामा 7Sep 1965 AD-2022-5-22 BS रहन गई यी दुई ठाउँमा नाम थर जन्म मिति फरक पर्न गए पनि व्यक्ति एउटै रहेको र तपशिलको पारिवारिक विवरण सिफारिसको लागि भानु न.पा. वडा न.१० को च.नं. १८४ मिति २०८३/०५/२४ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा अनुरोध गरिन्छ ।

**पारिवारिक विवरण**

| क्र.स. | नामथर | नाता | जन्ममिति | विवाह मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | टिकाराम घले | आफै | २०१०/०६/२५ | २०३६/११/०२ | विवाहित |
| २ | रिता देवी घले | श्रीमती | २०२२/०५/२२ | २०३६/११/०२ | विवाहित |
| ३ | दिपा घले गुरुङ | छोरी | २०४५/०६/२६ | २०७०/०८/२६ | विवाहित |
| ४ | बिष्णु माया घले | छोरी | २०५०/१२/०४ | २०७९/०८/२८ | विवाहित |
| ५ | होम बहादुर घले | छोरा | २०५३/०४/२४ | २०७५/०१/२९ | विवाहित |

**जिल्ला प्रशासन कार्यालय, तनहुँ**

"सहकारीमार्फत् आत्मनिर्भरता"

**जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.**
**Jayalaxmi Saving & Credit Co-operative Society Ltd.**
मुख्य कार्यालय : पोखरा-१६, लामाचौर फोन : ०६१-४४५२६६

## एघारौं वार्षिक साधारण सभा बारेको सूचना
## २०८३ असोज २५, २६ र ३० गते

उपरोक्त सम्बन्धमा यस **जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरा**, कास्कीको सञ्चालक समितिको १७१ औं बैठकको निर्णयानुसार संस्थाको **एघारौं बार्षिक साधारण सभा** सहकारी ऐन नियमावली तथा नेपाल सरकार सहकारी विभागले जारी गरेको सहकारी निर्देशिका एवम् मापदण्ड बमोजिम तपशिलमा उल्लेखित कार्यसूचि अनुसार छलफल र निर्णय गर्न बस्ने भएको हुँदा तपशिलको एकाई, मिति, समय र आफुँलाई पायक पर्ने स्थानमा उपस्थित हुन सम्पूर्ण शेयर सदस्यहरुलाई विभिन्न माध्यमबाट सूचना सम्प्रेषण भईरहेको छ । कुनै कारणवश पत्र वा सूचना प्राप्त नभएमा यसै सूचनालाई आधारमानी साधारण सभामा उपस्थितीको लागि हार्दिक अनुरोध गरिन्छ ।

**▶कार्यसूचि तथा छलफल हुने विषय तथा प्रस्तावहरु**

१. गत साधारण सभाको निर्णय पुस्तिका/माइन्युट अनुमोदन गर्ने ।
२. सञ्चालक समिति, लेखा समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
३. संस्थाको बार्षिक कार्यक्रम तथा आगामी कार्यक्रम तथा बजेट प्रस्तुत तथा पारित गर्ने ।
४. आ.व. ०८२/८३ को लेखापरिक्षण सहितको आर्थिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
५. शेयर लाभांश कोष र संरक्षित पूँजि फिर्ताकोष रकम वितरण गर्ने ।
६. आ.व.०८३/८४ को लागि लेखापरिक्षक नियुक्ति एवम् पारिश्रमिक तोक्ने ।
७. बिनियम संशोधन/पुनर्लेखन तथा नीति कार्यविधि संशोधन/तयार गर्ने (सहकारी ऐन नियमावली अनुसार)
८. संस्था एकीकरण, सेवाकेन्द्र विस्तार/एकीकरण, कार्यक्षेत्र थप/घट गर्ने ।
९. घर/जग्गा एवम् स्थिर सम्पत्ति खरिद तथा बिक्री सम्बन्धमा ।
१०. सञ्चालक समितिका विभिन्न निर्णयहरु अनुमोदन सम्बन्धमा ।
११. एकाई प्रतिनिधि छनौट सम्बन्धमा ।
१२. साधारण सभाको निर्णय पुस्तिका/माइन्युट प्रमाणिकरण सम्बन्धमा ।
१३. विशेष प्रस्तावहरु सम्बन्धमा (सदस्यहरुबाट थप भएमा)

**▶साधारण सभा सञ्चालन हुने तालिकाः–**

| मिति | एकाई | समय | स्थान |
|---|---|---|---|
| २०८३/०६/२५ | (क) मुख्य कार्यालय, लामाचौर | विहान ८:०० देखि ११:०० बजे सम्म | जित ईभेन्टस् एवम् पार्टी प्यालेस प्रा.लि., पोखरा-१६, बाटुलेचौर |
| २०८३/०६/२६ | (ख) रानीपौवा सेवाकेन्द्र एवम् सार्दिखोला सेवाकेन्द्र | विहान ८:०० देखि ११:०० बजे सम्म | जित ईभेन्टस् एवम् पार्टी प्यालेस प्रा.लि., पोखरा-१६, बाटुलेचौर |

**▶एकाई प्रतिनिधिहरुको निर्णय प्रमाणीकरण सभा**

| | | |
|---|---|---|
| २०८३/०६/३० | समय दिउँसो : ३.०० बजे | जित ईभेन्टस् एवम् पार्टी प्यालेस प्रा.लि., पोखरा-१६, बाटुलेचौर |

**▶साधारण सभा सम्बन्धी थप जानकारी**

- वार्षिक प्रतिवेदन सभाको १५ दिन अगावै संस्थाको वेवसाइटमा प्रकाशन गरि संस्थाको आधिकारिक सामाजिक संजाल मार्फत जानकारी गराइनेछ । सदस्यले www.jayalaxmicoop.com को रिपोर्ट Section मा गई Download गर्न सक्नुहुनेछ ।
- सम्पूर्ण सदस्यहरुले माथि उल्लेखित तालिका अनुसार सम्बन्धित एकाईमा उपस्थित भई उपस्थिती पुस्तिकामा उपस्थित जनाई संस्थाले प्रस्तुत गरेको वार्षिक प्रतिवेदनमा कुनै जिज्ञासा, सल्लाह सुझाव भएमा सोही सभामा पेश गर्नुपर्नेछ ।
- उल्लेखित एकाईबाट चयन भएका प्रतिनिधिहरुले एकाई प्रतिनिधिहरुको निर्णय प्रमाणित सभामा उपस्थित भै साधारण सभाको निर्णय पुस्तिका/माइन्युट प्रमाणित गर्नेछन् ।
- साधारण सभामा उपस्थित हुँदा संस्थाले प्रदान गरेको सदस्यता परिचय पत्र एवम् आफ्नो सदस्यता नम्बर अनिवार्य पेश गर्नुपर्नेछ ।
- तालिम, भ्रमण वा अन्य कार्यक्रम/परियोजनाको लागि सदस्यले सदस्यता नम्बर सहित सभा अवधिमा नाम टिपाई दिनुहुन जानकारी गराइन्छ ।
- सदस्य पहिचान विवरण (KYM) अद्यावधिक गर्न बाँकी सदस्यहरुले सभा अगावै संस्थामा सम्पर्क गरि सो अद्यावधिक गर्नुहुन, मासिक बचत नगरेका सदस्यहरुले २०७६ पौषबाट मासिक नियमति बचत हुने गरि बचत गर्नुहुन, शेयर थप गर्न चाहने सदस्यले "सदस्य शेयर बचत" खातामा रकम जम्मा गर्न हुन साथै सदस्यगत दीगो सहकारी निमार्ण गर्न अन्य क्रमिक/नियमित बचत गर्न गराउनुहुन सबैमा अनुरोध गरिन्छ ।
- सभामा पूरा समय सक्रिय सहभागी रहनुहुने सदस्यलाई खानाको व्यवस्था गरिएको छ ।
- थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ ।

**विष्णुप्रसाद पौडेल**
**सचिव**

# भजनबाट उठेको रकम भोटेकोशी बाढी पीडितलाई

**पोखरापत्र संवाददाता**
पोखरा, २५ भदौं

पोखराको एक भजन समुहले भजन गाएर संकलन गरेको रकम भोटेकोशी बाढी पीडितलाई सहयोग गरेका छन् ।

भदौं १० गते भोटेकोशी र त्रिशुली नदीमा आएको बाढीबाट प्रभावितलाई पोखरा १६ मा रहेको अमलाबिसौंनी धोविनी पाटन भजन समुहले नगद १० हजार ५ सय रुपैयाँ सहयोग गरेको हो । उक्त रकम समुहका तर्फबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार तथा राहत कोषमा जम्मा गरिएको समुहका संयोजक राजेन्द्र शाही ठकुरीले जानकारी दिए । विनाशकारी बाढीबाट आफ्नो परिवारसहित सम्पुर्ण गुमाएका परिवारलाई सान्त्वना स्वरुप सानो रकम भए पनि सहयोग गरेको उनले बताए । बिभिन्न धार्मिक कार्यमा भजन गाएर संकलन गरिएको रकम आफ्नो गच्छे अनुसार थोरै नै भए पनि पीडितका लागि पठाईएको उनको भनाई छ । समुहले बाढीमा परेर ज्यान गुमाएकाको स्मृतिमा भजन किर्तन समेत गरेर बैकुष्ठ बासको कामना गरेको समेत जनाएको छ । संयोजक ठकुरीले जे जति सकिन्छ , थोरै भए पनि बाढी प्रभावितलाई सहयोग गर्न आग्रह समेत गरेका छन् ।

# रामबजार सोसाइटी यु के को राहत भोटेकोशी बाढी पिडितलाई

**पोखरापत्र संवाददाता**
पोखरा, २५ भदौं



रामबजार सोसाइटी युके द्धारा भोटेकोशी बाढी पिडितलाई आर्थिक सहयोग गरेको छ ।

रसुवा र भोटेकोशी बाढी पहिरोमा परि ज्यान गुमाउनु भएका आत्माको स्वर्गवासको कामना गर्दै घाईते र घरबार बिहिन हुनुभएका परिवारलाई सहयोग पुराउन रामबजार सोसाइटी यु के का सहयोगी सदस्यहरूबाट संकलित रकम ५० हजार प्रधानमन्त्री राहत कोष राष्ट्रिय बाणिज्य बैकमा जम्मा गरी जिल्ला प्रशासन कार्यालय कास्कीका प्रमुख जिल्ला अधिकारी कुमान सिंह गुरूङलाई जानकारी गराएको छ । कास्कीका प्रमुख जिल्ला अधिकारी कुमान सिंह गुरूङले देसमा भै परी आइरहेको यस बिपत दुखद परि स्थितीको समयमा बिदेसमा रहेर पनी नेपाललाई माया गरी राहत सहयोग गरेकोमा रामबजार सोसाइटी यु के लाई प्रमुख जिल्ला अधिकारी कुमान सिंह गुरूङले धन्यबाद दिनुभयो ।


उक्त बाढी पिडित राहत कोषमा सहयोग रकम जम्मा गरेको जानकारी कार्यक्रममा राम बजार सोसाइटी युकेका सस्थापक उपाध्यक्ष एवं पूर्व अध्यक्ष रूपक गुरूङ, सल्लाहाकार डा. चन्द्र बहादुर गुरूङ, सहयोगी सम्मर बहादुर श्रेष्ठ, हिरा देबी श्रेष्ठको सहभागीतामा जानकारी गराइएको उक्त सोसाइटी ई सम्बत २०१० मा यु के मा रामबजार सोसाइटी यु के नामको सस्था स्थापना गरी नेपालमा भै परी आउने हरेक बिपत तथा सामाजीक कार्यमा सहयोगी भाबना राखी २०७२ को बिनासकारी भुकम्प समेत अतुलनीय सहयोग गरेको बाताइएको थियो ।

# अचल सम्पति धितो लिलाम डाँक बढाबढ गर्ने बारे १५ दिने अत्यन्त जरुरी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८३/०५/२६ गते (पोखरापत्र राष्ट्रिय दैनिक)**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले चल अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, व्याज एवं हर्जना ब्याज र अन्य दै-दस्तुर रकम समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा मिति २०८०/१२/१३ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋण चुक्ता गर्ने सम्बन्धी ३५(पैंतिस) दिने सार्वजनिक सूचना, मिति २०८१/०१/२८ गते समाधान राष्ट्रिय दैनिक पत्रिकामा सोहि ब्यहोरा सम्बन्धी १५ (पन्ध्र) दिने, मिति २०८१/०२/१४ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा सोहि ब्यहाराको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरी जानकारी गराउँदा समेत संस्थालाई तिर्नु बुझाउनु पर्ने बक्यौता रकम चुक्ता गर्न नआउनु भएकोले मिति २०८१/०५/०५ गते अचल सम्पति धितो लिलाम डाँक बढाबढ गर्ने बारे ३५(पैंतिस) दिने सूचना पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा पुन मिति २०८१/०६/१५ गते सोहि ब्यहोराको १५ (पन्ध्र) दिने सूचना पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको तर कुनैपनि ब्यक्तिबाट निवेदन नपरेको र ऋण तिर्न पनि नआउनु भएकोले चौथो पटक ऋण चुक्ता गर्ने सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना मिति २०८३ भदौ १६ गते प्रकाशित गरिएको तर ऋण तिर्न कुनै वास्था नगरेकोले यो १५(पन्ध्र) दिने धितो लिलाम डाँक बढाबढ गर्ने अत्यन्त जरुरी सूूचना प्रकाशित गरिएको छ । यस कारण संस्थालाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जना व्याज तथा अन्य दै-दस्तुर रकम चुक्ता गर्न गराउँन हुन ऋणी सदस्य, ऋणको धितो सुरक्षण लेखाइदिनु हुने धनी जमानी कर्ताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तपाईले ऋण सुरक्षण वापत लेखि लेखाई दिएको श्रीसम्पति सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति र नेपालको प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी सस्थाको लेना रकम असुल उपर गर्ने ब्यहोरा यसै सूचना द्धारा जानकारी गराइन्छ । धितो सुरक्षण अपर्याप्त हुन गई ऋण असुली हुन नसकेमा ब्यक्तिगत धन जमानी दिने तपसिलका ब्यक्तिहरुको स्वामित्वमा रहेको तथा निजहरुको एकाघरको हक लाग्ने चल अचल सम्पतिबाट समेत कर्जा असुल उपर गर्न आबश्यक कारबाही प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै नियमित किस्ता नभएका अन्य ऋणी सदस्यहरुले पनि नियमित किस्ता तिर्न यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणीको फोटो | ऋणी सदस्यको विवरण | जमानीको फोटो | जमानीको विवरण |
|---|---|---|---|
|  | सदस्यता नं. : १५५३<br>**१. नाम : लालकाजी गुरुङ**<br>जन्म मिति : २०३२।०१।१५<br>ना.प्र.नं. : १४२०<br>जारी मिति : २०४९।०७।३० कास्की<br>बाबु / पत्नी : पदम बहादुर गुरुङ<br>दिपा गुरुङ<br>बाजे/ससुरा : मनिराज गुरुङ<br>ठेगानाः : रुपाकोट-०९ कास्की<br>हाल : पोखरा-१४ कास्की<br>सम्पर्क नं : ९८०६५८५५६५ | <br><br> | **१. नाम : दिपा गुरुङ**<br>जन्म मिति : २०४५/११/२८<br>ना.प्र.न. : ४६१००१११३३६<br>जारी मिति : २०६७।०२।०२ कास्की<br>बाबु/पति : ओम बहादुर गुरुङ<br>लालकाजी गुरुङ<br>बाजे/ससुरा : पदम बहादुर गुरुङ<br>ठेगाना : रुपाकोट -०९ कास्की<br>हाल : पोखरा -१४ कास्की<br>सम्पर्क नं : ९८०६७७१३७८<br>**२. नाम : सिता गुरुङ**<br>जन्म मिति : २०२२।०७।०२<br>नागरिकता न. : ४६०१७३००६३४<br>जारी मिति : २०७३।०१।२१ कास्की<br>बाबुको नाम :<br>पतिको नाम : ओम बहादुर गुरुङ<br>बाजेको नाम : हर्क बहादुर गुरुङ<br>स्थायी ठेगाना : साबिक पोखरा-१८ कास्की<br>हालको ठेगाना : पोखरा-१४ कास्की<br>**३. नाम : सुनिल मगर**<br>ना.प्र.न : ४६१००२।१२४१<br>जन्म मिति : २०४८।१२।१५<br>जारी मिति : २०६५।०३।३० कास्की<br>बाबुः : लाल बहादुर मगर<br>बाजे : पदम बहादुर मगर<br>ठेगानाः : साविक लेखनाथ-१ कास्की<br>हाल : पोखरा-२९ कास्की<br>सम्पर्क न : ९८५६०६६१०७ |
| **धितो विवरण : श्री लालकाजी गुरुङको नाममा रहेको कास्की जिल्ला साबिक रुपाकोट वडा न. ०३ स्थित कित्ता नं. ७१०८,७१०६,७१०४** क्षेत्रफल.०-०-१-१, ४-६-१-०, २-१-२-१ | | | |

**लिलाम बिक्री तथा बोलपत्र सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१. लिलाममा अन्तिम पटक सबै भन्दा बढी रकम कबोल गर्ने वा बोलपत्रमा आफुले लेखेको वा बोलेको अंकको १० प्रतिशतले हुने रकम सोही दिन कार्यालय समयमा वा निर्णय हुँदा कार्यालय समय समाप्त भएमा सो दिनको भोलिपल्ट यस संस्थामा बुझाउनुपर्ने छ ।
२. लिलाम सकार गर्ने ब्यक्तिले सहकारी संस्थाबाट लिलाम निश्चितताको सूचना पाएको ७ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पति बुझि लिनु पर्ने छ । नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत भई संस्थाको आम्दानी हिसाबमा बाधिने छ ।
३. उल्लेखित सम्पत्ती लिइसकेपछि सो को सम्पूर्ण जवाफदेही स्वयम् खरिदकर्ताको हुने छ । धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन ।
४. लिलाम सकार गर्ने ब्यक्तिले सकार गरेको मुल्यको १० प्रतिशत रकम सोहि दिन वा सो को भोलीपल्ट नबुझाएमा निज पछि सबै भन्दा बढि रकम बोल्ने ब्यक्तिको नाममा लिलाम सदर गरिनेछ ।
५. तोकिएको दिन बिदा परेमा सोको भोलिपल्ट लिलाम बढाबढ गर्ने काम हुनेछ ।
६. लिलाम बढाबढ गर्दा सबै भन्दा बढि अंक बोल्ने ब्यक्तिलाई अचल सम्पत्ती दिने वा नदिने लिलाम गर्ने वा नगर्ने सम्पुर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
७. लिलाम बिक्री हुने सम्पत्तिको सम्बन्धित कागजपत्रहरु हेर्न चाहनु हुने महानुभाबहरुले यस संस्थाको प्रधान कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ । उक्त सम्पत्ती जहाँ जे जस्तो अवस्थामा र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्ने छ ।
८. सूचना प्रकाशित भएको मितिले १६ औं दिन संस्थाको प्रधान कार्यलयमा दिनको ठिक ३ बजे लिलाम बढाबढ हुनेछ ।
९. धितो लिलाम सकार गर्न संस्थाबाट रु १०००/ तिरी लिलाम फारम रित पूर्वक भरि संस्थामा बुझाउनु पर्नेछ ।
१०. उक्त लिलाममा राखेको सम्पतीको स्वामित्व हस्तान्त्रण गर्दा लाग्ने नेपालसरकारको दस्तुर रजिष्टेसन दस्तुर सम्पती कर स्थानीय कर र धारा विजुलीको शुल्क (बाँकी वक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने ब्यक्ति वा पार्टी आफैले तिर्नु पर्ने छ ।
११. लिलाम बिक्री गर्दा लागेको सम्पुर्ण खर्च ऋणी स्वंमले ब्यर्होर्नु पर्नेछ ।
१२. सहकारी ऐन, संस्थको विनियम तथा ऋण लगानी तथा असुली निती अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी यस संस्थाले उक्त सम्पतिको स्वामित्व आफुले लिन सक्नेछ ।
१३. संस्थामा सुरक्षण स्वरुप रहेको धितोबाट सम्पुर्ण ऋण असुल उपर नभएमा ऋणी तथा धन जमानीको नाममा रहेको अन्य चल अचल सम्पति घर घराना बाट समेत असुल उपर गरिनेछ साथै निजको एकाघरको नाममा रहेको चल अचल सम्पति रोक्का राखी सो बाट समेत असुल उपर गरिनेछ ।
१४. अन्य सर्तहरु बोलपत्र वा लिलाम बढाबढ फाराममा उल्लेख गरे बमोजिम हुनेछ साथै अन्य बिषयहरुमा सहकारी ऐन २०७४ अनुसार बनेका नियमावली, संस्थाको विनियमको अधिनमा रही सञ्चालक समितिको निर्णय अनुसार हुनेछ ।
१५. बोलपत्र सदर बदर हुनु अगाबै ऋणीले सम्पुर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी धरौटी रकम फिर्ता दिइने छ । धरौटी रहेको रकम फिर्ता गर्नुपर्दा ब्याज प्रदान गरीने छैन ।

## फेवा बचत तथा ऋण सहकारी संस्था लि.

**प्रधान कार्यालयः पोखरा-५, जिरो कि. मि.**

**फोनः ०६१-५७३३७५, ५७२२३६**

# तपशिल बमोजिमका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/२६ गते)**

यस बिरुवा बचत तथा ऋण सहकारी संस्था लि. बाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज तथा अन्य दै-दस्तुर समयभित्र नतिरी, नबुझाई संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र मौखिक, लिखित, एस.एम.एस, टेलिफोन मार्फत पटक-पटक कर्जा भुक्तानी गर्न तर-ताकेता गरिएको भएतापनि कर्जा चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल नगरेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः सामाजिक प्रतिष्ठा र प्रचलित ऐन कानुनको ख्याल गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनुहुन अनुरोध गरिन्छ । यो सूचनाको वेवास्था गरेमा सहकारी ऐन, सहकारी नियमावली तथा प्रचलित कानुन बमोजिम धितो लिलामी प्रकृया अगाडि बढाइने र धितो नपुग हुने देखिएमा थप धितो तथा हक लाग्ने अन्य जाय जेथाको खोजी गरि रोक्का राखि कर्जा सूचना केन्द्र तथा ऋण असुली न्यायाधिकरणमा विवरण पठाई कानुन बमोजिम कारबाही अगाडि बढाउन संस्था तथा संचालक समिति बाध्य हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपशिल :**

| ऋणी तथा धनजमानतको नाम थर | धन जमानी दिनेको बिवरण |
|---|---|
| **ऋणीको नाम : मनोजराज आचार्य**<br>नागरिकता नं. : १२७७५६<br>बाबु/ पतिको नाम : लिलाराज<br>बाजे/ ससुराको नाम : बेणिमाधव<br>स्थायी ठेगाना : भरतपोखरी -९, कास्की<br>हालको ठेगाना : पोखरा -३३, कास्की<br>कर्जा नं. : बि.एल ०१३८ | **धन जमानी दिनेको नाम : अप्सरा पौडेल**<br>नागरिकता न :४६३००४/२४८<br>बाबु/पतिको नाम : मनोजराज आचार्य<br>बाजे/ससुराको नाम : लिलाराज<br>स्थायी ठेगाना : निर्मलपोखरी -८, कास्की<br>हालको ठेगाना : पोखरा -३३, कास्की |
| **ऋणीको नाम : प्रेम बहादुर विश्वकर्मा**<br>नागरिकता नं. : २८६<br>बाबु /पतिको नाम : छबिलाल विश्वकर्मा<br>बाजे/ससुराको नाम : धनराज विश्वकर्मा<br>स्थायी ठेगाना : निर्मलपोखरी -१, कास्की<br>हालको ठेगाना : पोखरा -२१, कास्की<br>कर्जा नं. : एच.ल ०१५२ | **धन जमानी दिनेको नाम : अर्जुन विश्वकर्मा**<br>नागरिकता न :४६-०१-७२-०५३१०<br>बाबु/पतिको नाम : छबिलाल विश्वकर्मा<br>बाजे/ससुराको नाम : धनराज विश्वकर्मा<br>स्थायी ठेगाना : पोखरा-२३, कास्की<br>हालको ठेगाना : पोखरा -२१, कास्की |
| **ऋणीको नाम : सुक माया परियार**<br>नागरिकता नं. : ४६-०१-७१-००२५९ कास्की<br>बाबु/पतिको नाम : मिन बहादुर परियार<br>बाजे/ससुराको नाम : पहले<br>स्थायी ठेगाना : पोखरा -७, कास्की<br>हालको ठेगाना : पोखरा -७, कास्की<br>कर्जा नं. : एच.एल. १९३ | **धन जमानी दिनेको नाम : मिन बहादुर परियार**<br>नागरिकता न : १०८०६७ कास्की<br>बाबु/पतिको नाम : पहले परियार<br>बाजे/ससुराको नाम : चिते परियार<br>स्थायी ठेगाना : पोखरा -७, कास्की<br>हालको ठेगाना : पोखरा -७, कास्की |
| **ऋणीको नाम : गोमा लम्साल पौडेल**<br>नागरिकता नं. : १/४१६०, वर्दिया<br>बाबु/पतिको नाम : उदित सन्दिप पौडेल<br>बाजे/ससुराको नाम : टेक नाथ पौडेल<br>स्थायी ठेगाना : पोखरा -१७, कास्की<br>हालको ठेगाना : पोखरा -०९, कास्की<br>कर्जा नं. : एच.एल. ००८२ | **ऋणीको नाम : उदित सन्दिप पौडेल**<br>नागरिकता नं. : ७९३४७ कास्की<br>बाबु/पतिको नाम : टेक नाथ पौडेल<br>बाजे/ससुराको नाम : मंगल प्रसाद<br>स्थायी ठेगाना : पोखरा -१७, कास्की<br>हालको ठेगाना : पोखरा -९, कास्की |
| **ऋणीको नाम : दुर्गा गिरी**<br>नागरिक्ता नं. :४३०४७, स्याङ्जा<br>बाबु/पतिको नाम : भरत गिरी<br>बाजे/ससुराको नाम : ख्यामलाल गिरी<br>स्थायी ठेगाना : रापाकोट -५, स्याङ्जा<br>हालको ठेगाना : पोखरा -१७, कास्की<br>कर्जा नं. : एच.एल. २०५ | **धन जमानी दिनेको नाम : भरत गिरी**<br>नागरिकता न : ५७८, स्याङ्जा<br>बाबु /पतिको नाम : ख्यामलाल गिरी<br>बाजे /ससुराको नाम : तुला गिरी<br>स्थायी ठेगाना : रापाकोट -५, स्याङ्जा<br>हालको ठेगाना : पोखरा -१७, कास्की |
| **ऋणीको नाम : रामशरण खड्का**<br>नागरिकता नं. : २२३०५०१३५, दोलखा<br>बाबु/पतिको नाम : देबी बहादुर खड्का<br>बाजे/ ससुराको नाम : चन्द्र बहादुर खड्का<br>स्थायी ठेगाना : दोलखा -३, मालु<br>हालको ठेगाना : पोखरा -२७, लेखनाथ<br>कर्जा नं. : एच.एल. २२५ | **धन जमानी दिनेको नाम : राजु माकिम**<br>नागरिकता न : ४३१०२८/६४१ कास्की<br>बाबु/ पतिको नाम : बल बहादुर माकिम<br>बाजे/ ससुराको नाम : छविलाल माकिम<br>स्थायी ठेगाना : तनहुँ -०३, बन्दिपुर<br>हालको ठेगाना : पोखरा -२७, लेखनाथ |

**नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ। अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ।**

## बिरुवा बचत तथा ऋण सहकारी संस्था लि.

**पोखरा-१७ कास्की**

**फोनः ०६१-४५६५७७, ४५६९८२**